आज मिति २०८१ साल पौष महिनाको २६ गते शुक्रबारको दिन हुप्सेकोट गाउँपालिका, गाउंसभाको छैठौं अधिवेशनको प्रथम बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितीमा सम्पन्न भई तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी पाण्डे | - | अध्यक्ष |
| श्री पूर्ण सिं राना मगर | - | उपाध्यक्ष |
| श्री रेवती सारु | - | गाउँसभा सदस्य |
| श्री प्रेम बहादुर घर्ती | - | गाउँसभा सदस्य |
| श्री कृष्ण बहादुर थापा | - | गाउँसभा सदस्य |
| श्री बिष्णु राना मगर | - | गाउँसभा सदस्य |
| श्री महेन्द्र पाण्डेय | - | गाउँसभा सदस्य |
| श्री पदम बहादुर राना मगर | - | गाउँसभा सदस्य |
| श्री छम बहादुर सोमै मगर | - | गाउँसभा सदस्य |
| श्री उर्मिला महतो | - | गाउँसभा सदस्य |
| श्री विनीसरा ढेगा | - | गाउँसभा सदस्य |
| श्री तुलीसरा सोमै | - | गाउँसभा सदस्य |
| श्री मोतीलाल कुमाल | - | गाउँसभा सदस्य |
| श्री केमान सिं बि.क. | - | गाउँसभा सदस्य |
| श्री युवराज मल्ल ठकुरी | - | गाउँसभा सदस्य |
| श्री दुमीसरा वि.क. | - | गाउँसभा सदस्य |
| श्री बुद्धिमान तमाङ्ग | - | गाउँसभा सदस्य |
| श्री कृष्ण बहादुर सोमै मगर | - | गाउँसभा सदस्य |

CamScanner

श्री रेलमाया मिधुन थापा - गाउँसभा सदस्य

श्री लिला बहादुर ठाडा मगर - गाउँसभा सदस्य

श्री श्याम कुमारी दमै - गाउँसभा सदस्य

श्री देवीमाया दमिनी - गाउँसभा सदस्य

श्री यम बहादुर रजाली मगर - गाउँसभा सदस्य

श्री गंगा प्रसाद बयम्बु - गाउँसभा सदस्य

श्री शोभा मल्ल - गाउँसभा सदस्य

श्री चुरामणी पाटा मगर - गाउँसभा सदस्य

श्री जस बहादुर खाम्चा मगर - गाउँसभा सदस्य

श्री कमला वि.क. - गाउँसभा सदस्य

श्री कर्णमाया विश्वकर्मा - गाउँसभा सदस्य

श्री सुन बहादुर खम्चा मगर - गाउँसभा सदस्य

श्री लाल बहादुर घर्ति मगर - गाउँसभा सदस्य

श्री खेम बहादुर मल्ल ठकुरी - गाउँसभा सदस्य

श्री तुलसी वि.क. - गाउँसभा सदस्य

श्री रोम बहादुर बयम्बु मगर - गाउँसभा सदस्य

श्री हरिप्रसाद पराजुली -प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव

<u>अन्य उपस्थिती</u>

श्री राजेन्द्र प्रसाद रेग्मी - लेखा अधिकृत

श्री रवि काफ्ले - प्रशासकीय अधिकृत

श्री रविन्द्र सापकोटा - प्रशासकीय अधिकृत

CamScanner

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

प्रस्ताव नं. १ विभिन्न समितिको प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व. २०८१/०८२ को हाल सम्मका कार्यका सम्बन्धमा न्यायिक समिति, योजना अनुगमन समिति र ५ वटै विषयगत समितिका अर्ध वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत भई संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ रकमान्तर प्रस्ताव सम्बन्धमा ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व. २०८१/०८२ मा तपसिल बमोजिमको योजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ बोर्ड बैठक अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा हाल सम्म भएका सम्पूर्ण बोर्ड बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ भुक्तानी अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा हाल सम्म भएका सम्पूर्ण चालुगत र पुंजीगत खर्च भएका भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ नगर प्रहरी हवल्दारको दरबन्दी सिर्जना सम्बन्धमा ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेका नगर प्रहरीमा बिभिन्न सुरक्षा निकायका अवकाश प्राप्त एक जना हवल्दारको दरबन्दी सिर्जना गरी विज्ञापन आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव न.६- नियमित गर्नु पर्ने वेरुजु सम्वन्धमा ।

निर्णय न. ६.

प्रस्ताव न. ६ माथि छलफल गर्दा हुप्सेकोट गाउँपालिकाको सार्वजनिक लेखा समितिबाट आ.व. २०७९/८० को अन्तिम लेखापरीक्षणबाट औंल्याइएका तपशिल वमोजिम निर्णय गरियो ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

तपशिल:

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

| सि.नं. | दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम रु | निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४१ | उपभोक्ता समितिको कार्यमा लम्पसममा राखि भुक्तानिः उपभोक्ता समितिबाट सञ्चालित विभिन्न योजनाहरुमा विविध आईटमका खर्चका दर विष्लेषणका आधारमा भुक्तानी दिनुपर्नेमा लम्पसममा राखि भुक्तानी दिइएकोले अनियमित भएको रकम | १,१८,५००/- | सो सम्वन्धमा अध्ययन गर्दा उक्त योजनाहरु सम्पन्न गर्न आवश्यक पर्ने साना विविध आइटमहरुसँग सम्वन्धित सामाग्रीहरु जिल्ला दररेटमा नभेटिएको तर कार्यसम्पन्न गर्नका लागि आवश्यक पर्ने हुँदा दर विश्लेषण गर्न नसकिएकोले लम्पसममा राखी भुक्तानी दिइएको र उक्त कार्यबाट कुनै सरकारी हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु रकम रु १,१८,५००/ नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त वेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | आ.व. २०७९/८० |
| २ | ४२.३ | योजना सम्झौता मिति भन्दा अगाडिको बिलः चारघरे खानेपानी विचटोल टंकी निर्माण योजनामा योजना सम्झौता मिति भन्दा अगाडिको बिल पेश भएकोले अनियमित भएको रकम | १,६६,१६८/- | सो सम्बन्धमा अध्ययन गर्दा उक्त योजनाहरुको लागत अनुमानको आधारमा कार्य अगाडी बढाई प्राविधिक मूल्याङ्कन बमोजिम नै भुक्तानी दिईएको पाईएकोमा उपभोक्ता समितिबाट कार्य सुचारु गर्दा वडाबाट योजनाको सम्झौता सिफारिस प्राप्त भएपश्चात् काम सुरु गर्न गई उपभोक्ताको बुझाईमा कमीका कारण सम्झौता हुनु अगावैको बिल पेश भएको हुँदा उक्त कार्यबाट | आ.व. २०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | योजनाको भुक्तानी रकममा कुनै असर नपरेको तथा सरकारी रकम समेत हिनामिना नभएको हुँदा उक्त वेरुजु रकम रु १,६६,१६८/ नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त वेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ३ | ४४ | कर्मचारी तथा पदाधिकारीको खातामा भुक्तानी: कार्यालयले विभिन्न मर्मत कार्यको भुक्तानी तथा कार्यक्रम संचालन गर्नका लगि सम्बन्धित फर्म तथा संस्थालाई भुक्तानि दिनुपर्नेमा कार्यालयका कर्मचारी तथा पदाधिकारीहरुलाई भुक्तानि दिएकोले अनियमित भएको रकम | ३,८६,२७९/- | सो सम्बन्धमा अध्ययन गर्दा उक्त काम/योजनाहरुमध्ये कतिपय मर्मतको कार्य सो समयमा तत्कालै गर्नुपर्ने र उपभोक्ता समिति गठन गरि कार्य अगाडी वढाउन समय लाग्ने हुँदा तथा कुनै कार्यक्रमहरुको खर्चविल स-साना रकमका तर सामान एउटै पसल/फर्मसँग उपलब्ध नभई फरक फरक पसल/फर्मसँग नगदै दिई खरिद गनुपर्ने भएकाले कार्यसम्पन्न पश्चात सोको भुक्तानी कर्मचारी तथा पदाधिकारीको नाउँमा गरेको हुँदा उक्त कार्यवाट कुनै सरकारी हानीनोक्सानी तथा रकम हिनामिना नभएकाले उक्त बेरुजु रकम रु ३,८६,२७९/ नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त वेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको | आ.व. २०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ४ | ४८ | अन्य निकायको ईन्धन खर्चः छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित विभिन्न निकायहरुलाई ईन्धन खर्चमा भुक्तानी गरी अन्य कार्यालय/व्यक्तिको खर्च यस कार्यालयले व्यहोरेको हुँदा अनियमित भएको रकम | १,३५,८५५/- | सो सम्बन्धमा अध्ययन गर्दा जिल्लास्थित उक्त निकायहरु जस्तै सशस्त्र प्रहरी, नेपाल प्रहरीहरुलाई शान्ति सुरक्षा सम्बन्धित विभिन्न कार्यका साथै रातिको समयमा समेत गस्ति गर्नुपर्ने भएकोले र नापी कार्यालय तथा भूमि आयोग कावासोती समेतलाई यस गाउँपालिका भित्र भूमिको नापजाँचसँग सम्बन्धित कार्यका यस कार्यालयको क्षेत्रभित्र खटिनुपर्ने भएकोले ईन्धनका उपलब्ध गराउँदा खर्च भएकोले उक्त कार्यबाट कुनै सरकारी सम्पत्तिको हानीनोक्सानी नभएको हुँदा उक्त बेरुजु रकम रु. १,३५,८५५/- नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त बेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | आ.व. २०७९/८० |
| ५ | ६१ | शिक्षक तलबभत्ताः ३ वटा विद्यालयहरुले आफ्नो आन्तरिक आय सुदृढ नगरी ३ जना शिक्षकहरुलाई खाईपाई आएको तलबभत्ता बाहेक विद्यार्थीहरुलाई थप आर्थिक भार पर्ने गरि थप तलबभत्ता भुक्तानी गरेकोले अनियमित भएको रकम | ३,१८,०००/- | प्रस्तुत बुँदाका सम्बन्धमा अध्ययन गर्दा यस कार्यालयबाट शिक्षकहरुको तलब भत्ता निकासा गर्दा नियमानुसार शिक्षकहरुले खाईपाई आएको तलब मात्र निकासा भएको र सोभन्दा बढि भुक्तानी यस कार्यालयबाट नभई | आ.व. २०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्बन्धित विद्यालयबाट भएकाले उक्त कार्यबाट सरकारी रकम हानीनोक्सानी नभएको हुँदा सम्बन्धित विद्यालयहरुलाई आन्तरिक आय सुदृण गर्ने तर्फ सुझाव दिदै उक्त बेरुजु रकम रु ३,१८,०००/ नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त बेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ६ | ६६ | पदाधिकारी ईन्धनः यस कार्यालयका प्रदाधिकारीहरुले पाउने ईन्धन प्रदेश राजपत्र अनुसार अध्यक्ष तथा उपाध्यक्षले बार्षिक १०८० लि. डिजेल पाउनेमा मापदण्ड भन्दा बढि खपत हुन आएकोले अनियमित भएको रकम | ६,२३,४२९/- | प्रस्तुत बुंदाका सम्वन्धमा अध्ययन गर्दा प्रदेश राजपत्र अनुसार अध्यक्ष तथा उपाध्यक्षले वार्षिक १०८० लि. डिजेल पाउने व्यवस्था भए तापनि निजहरु यस कार्यालयका विभिन्न कार्यक्रमहरु तथा विकास निर्माणका कार्यको अनुगमनका लागि अधिकांश समय खटिनुपर्ने साथै विभिन्न कार्यक्रममा उपस्थितिका लागि जिल्ला बाहिर प्रदेश तथा संघीय राजधानी समेत जानुपर्ने भएकोले मापदण्ड भन्दा बढि खर्च भए तापनि अनावश्यक रुपमा खर्च नभएको र यसले कुनै सरकारी सम्पत्तिको हानीनोक्सानी नभएकाले बेरुजु रकम रु ६,२३,४२९/ नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो | आ.व. २०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | साथै लक्ष्मी देवी पाण्डे उक्त बेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ७ | ६७ | विपद व्यवस्थापन कोष: प्रत्येक पालिकामा विपदको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि एक विपद व्यवस्थापन कोष रहि प्राकृतिक प्रकोप महामारी जस्ता आपतकालिन अवस्थामा मात्र सो कोषबाट खर्च गर्ने व्यवस्था भएको तर पालिकाले वार्षिक योजना तथा कार्यक्रमबाट बजेट विनियोजन गरि खर्च गर्न सकिने कृयाकलापमा समेत यहि कोषबाट खर्च गरेकोले नियमसंगत नरहेको रकम | १३,९६,३०४/- | सो सम्बन्धमा अध्ययन गर्दा विपदको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि यस गाउँपालिकामा विपद व्यवस्थापन कोष रहि विपदसँग सम्बन्धित कार्यमा उक्त कोषबाट खर्च हुँदै आएकोमा दफा नं. ६७ मा उल्लेख भएका विभिन्न कार्यक्रमहरुं आकस्मिक रुपमा बाढी पहिरो जस्ता प्राकृतिक कारणबाट सिर्जित भई कार्यपालिकाबाट निर्णय भई विपद व्यवस्थापन कोषबाट खर्च गरिएको हुंदा उक्त खर्च आवश्यक ठाउँमा नै खर्च गरिएको र सोबाट कुनै सरकारी सम्पत्ति तथा रकमको हिनामिना एवं हाननोक्सानी नभएकाले आगामी दिनमा आँकलन गर्न सकिने कतिपय योजनाहरु बजेटमा नै व्यवस्था गरि विपद व्यवस्थापन कोषलाई प्राकृतिक प्रकोप एवं महामारीमा मात्र खर्च गर्न गाउँपालिकालाई सुझाव दिँदै उक्त बेरुजु रकम रु १३,९६,३०४/- नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त बेरुजुको लगत कट्टा गरि दिनु हुन श्री | आ.व. २०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| ८ | ८३ | शिर्षक फरक पारि खर्चः सामुदयिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन शिर्षकबाट विद्यालयमा दिवा खाजाका लागि रकम भुक्तानि गरेकोले स्वीकृत बजेट कार्यक्रम अनुसार खर्च गर्नुपर्ने नियमसंगत नरहेको रकम | ५,५७,२४५/- | सो सम्बन्धमा अध्ययन गर्दा दुवै कार्यक्रमहरु संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानतर्फ नेपाल सरकार नगद अनुदान स्रोतको कार्यक्रम रहेको, आर्थिक वर्षको अन्त्यमा विद्यालयमा दिवा खाजाका लागि रकम निकासा गर्दा रकम अपुग भएको तथा अपुग रकम प्राप्त हुने अवस्था नभएको र स्यानिटरी प्याड व्यवस्थापन शिर्षकमा रकम बचेको हुँदा दुवै कार्यक्रमको स्रोत एउटै भएकोले एउटा कार्यक्रममा नपुग रकम अर्को कार्यक्रमबाट गरिएको र उक्त कार्यबाट कुनै सरकारी हानीनोक्सानी नभएको हुँदा उक्त बेरुजु रकम रु.५,५७,२४५/- नियमित गरि फछ्यौट गर्ने निर्णय गरियो साथै उक्त वेरुजुको लगत कट्टा गरि दिनु हुन श्री महालेखा परिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | आ.व. २०७९/८० |

**प्रस्ताव न. ७ — प्रहरी चौकी सम्वन्धमा।**

**निर्णय न. ७:** प्रस्ताव न. ७ माथि छलफल गर्दा यस हुप्सेकोट गाउँपालिकाको वडा न. १ वेलुवा र वडा न. ६ मा तपशिल वमोजिमको कारणले चौकीको स्तरउन्नती र नयाँ चौकी माग गर्नु पर्ने भएकाले आवश्यक कार्यार्थ गृह मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

तपशिलः

(क)यस गाउँपालिका वडा नं १ बेलुवामा रहेको हुप्सेकोट प्रहरी चौकीमान्यून स्रोतसाधन र सीमित जनशक्तिका कारणले सुरक्षा व्यवस्थापनमा असहजता र चुनौतिपुर्ण रहेकोले इलाका प्रहरी कार्यालयमा स्तरोन्नती गर्न सिफारिस गर्ने ।

(ख)यस गाउँपालिका वडा नं. ६ (साविकको हुप्सेकोट गा.वि.स.) मा एउटा पनि प्रहरी चौकी नरहेको र उक्त स्थान गाउँपालिकाबाट करिव २६ किलोमिटरको दुरीमा रहेको, न्यून मानव विकास सूचाङ्कका कारण सुरक्षा चुनौती र संवेदनशीलता रहेको, विभिन्न घटनाहरु घटेको अवस्था विद्यमान रहेकोले सो स्थानमा गाउँपालिकाले जग्गा समेत व्यवस्थापन गरिसकेकोले दरबन्दी सहित प्रहरी चौकी स्थापनाका लागि सिफारिस गर्ने ।

प्रस्ताव न.८- असुल बेरुजुको लगतकट्टा सम्वन्धमा।

निर्णय न.८

प्रस्ताव न. ८ माथि छलफल गर्दा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

तपशिलः

| सि. नं. | दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु रकम रु | निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५३ | गिरुवारी खोला तटवन्ध कार्यको छुट राजश्व आम्दानीः जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय नवलपरासी (ब.सु.पू.) को तटवन्ध सम्वन्धि WRIDDO/GHRTWP-1/WORKS/NCB-02/2079-80 र WRIDDO/GHRTWP-२/WORKS/NCB-02/2079-80 गरी २ वटा ठेक्कामा प्रयोग हुने ढुंगा गिरुवारी खोलाको नै प्रयोग भएकोमा सम्बन्धित निर्माण व्यवसायीले उक्त ढुंगा प्रयोग वापत गाउँपालिकालाई प्राप्त हुने राजश्व रकम प्राप्त नभएकाले सम्बन्धित डिभिजन कार्यालय मार्फत निर्माण व्यवसायीबाट असुल हुने गरी दाखिला गर्नुपर्ने रु. | १४,८४,४५०/- | सो सम्बन्धमा अध्ययन गर्दा गिरुवारी खोला तटवन्धन सम्वन्धी उक्त ठेक्का आह्वान प्रदेश सरकार मातहतको जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.) बाट भएको र प्रस्तुत दफामा उल्लेखित राजश्व रकम सम्बन्धित निर्माण व्यवसायीबाट यस कार्यालयको खातामा जम्मा गर्नुपर्नेमा गाउँपालिकाबाट पत्राचार हुँदा समेत रकम प्राप्त हुन नसकेको र उक्त निर्माण व्यवसायी यस कार्यालयसँग सम्बन्धित नरहँदा कट्टा गर्नका लागि कुनै धरौटी रकम समेत नभएको हुँदा अन्य कार्यालयबाट सिर्जित राजश्व भुक्तानी सम्बन्धि दायित्व यस कार्यालयको बेरुजु रकममा उल्लेख हुँदा बेरुजुको आकार बढ्न गएकाले उक्त बेरुजु वापतको रकम श्री जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.) को लेखा परिक्षण प्रतिवेदनमा बेरुजु कायम गर्नका लागि यस गाउँ सभाले संवैधानिक आयोग श्री महालेखा परिक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो । | आ.व. ०७९/८० |

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

**मिति २०८१/०९/२६ गतेको गाउँसभामा रकमान्तरको लागि कार्यपालिकाबाट पेश भएका कार्यक्रम तथा योजनाहरु**

## घटाउने

पुँजीगत तर्फ

| सि. नं. | कार्यक्रम/ योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | गाउँपालिकाको प्रशासनिक भवनमा जेनेरेटर खरिद तथा व्यवस्थापन | १५००००० |
| २ | मुख्य बजार क्षेत्रमा CCTV जडान | १००००० |
| ३ | गरिमाचोक मोहनडाँडा तिनदोभान, वडा न ६ को केन्द्र , जाप डाँडा हुँदै पाल्पा जोड्ने सडक | ८००००० |
| ४ | रिमाचोक-मोहनडाँडा-तीनदोभान-पिपलडाँडा-जापडाँडा हुँदै पाल्पा जोड्ने सडक निर्माण (गत | ३५०००० |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रमसँग योजना साझेदारी कार्यक्रम | ६५०००० |
| ६ | गरिमा चोक देखि गिरुवारी खोला पक्की पुलसम्म पक्की नाला निर्माण | ५५०००० |
| ७ | बोझापोखरी रुद्रपुर मोटरबाटो निर्माण | ३००००० |
| ८ | गुहेरी सिँचाई पक्की कुलो | ५०००० |
| ९ | सफ्टवेयर खरिद तथा नवीकरण | ४००००० |

चालू तर्फ

| सि. नं. | कार्यक्रम/ योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | किसान सूचिकरण कार्यक्रम | १००००० |
| २ | गर्भवती आमा सुपा नेट वितरण | २००००० |
| ३ | नागरिकको स्वास्थ्य परीक्षण कार्यक्रम | ७००००० |
| ४ | बालविकास सहयोगी कार्यकर्ता थप पारिश्रमिक अनुदान | ६००००० |
| ५ | विद्यालय कर्मचारी, लेखा सहयोगी थप पारिश्रमिक | ३००००० |
| ६ | माध्यमिक शिक्षा (११-१२ ) का लागि स्वयंसेवक शिक्षक व्यवस्थापन अनुदान | २०००००० |
| ७ | आधारभूत शिक्षा (१-८) का लागि स्वयंसेवक शिक्षक व्यवस्थापन अनुदान | २२००००० |
| ८ | करार शिक्षक, कर्मचारी कल्याणकारी कोष अनुदान | १००००० |
| ९ | पारिश्रमिक कर्मचारी | ९६०००० |
| १० | योग तथा दैनिक जीवनशैली परिवर्तन कार्यक्रम | ९०००० |
| ११ | रातेखोला वडा नं.५ झोलुङ्गे पुल मर्मत | ३००००० |
| १२ | मयुरपोखरी खेल मैदान निर्माण | ७००००० |
| १३ | लागत साझेदारीमा कालोपत्रे कार्यक्रम | ४००००० |
| १४ | मयुरकुना देखि धरी हुँदै मयुरपोखरी निस्कने बाटो स्तरोन्नती | ३००००० |
| | जम्मा | १३६५०००० |

## बढाउने

पुँजीगत तर्फ

| सि. नं. | कार्यक्रम/ योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | पाल्पाली चोक देखि धाराचोक तथा पूर्वतर्फ कल्भर्ट निर्माण वडा नं.३ | २५०००० |
| २ | समावेशी चोक देखि वडा नं २को सिमानासम्म सडक स्तरोन्नती | १००००० |
| ३ | साफा चोकमा कल्भर्ट निर्माण तथा सिँचाई कुलो मर्मत वडा नं.३ | ३४०००० |
| ४ | बुद्धचोक नजिक आदर्श नहर सिँचाई कुलो मर्मत | ५०००० |
| ५ | रम्सी सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण | २००००० |
| ६ | हात्तिगौंडा सामुदायिक भवन निर्माण (थप) | १५०००० |
| ७ | जनता मा.वि. गुहेरी भवन निर्माण | ३००००० |
| ८ | सवारी साधन खरिद | ९५०००० |
| ९ | राते खोला झोलुङ्गे पुल मर्मत | ३००००० |
| १० | गोलपोखरी शान्तिपार्क रुद्रपुर मोटरबाटो स्तरोन्नती | ८००००० |
| ११ | डहर नं.५ बाटो स्तरोन्नती (थप) | ५००००० |
| १२ | कोल्ड स्टोर सुपरभिजन तथा परामर्श खर्च | २००००० |
| १३ | औघोगिक ग्राम IEE तथा DPR Revise खर्च | ५००००० |
| १४ | अन्य पूर्वाधार विकास कार्यक्रम (थप) | ३२००००० |
| १५ | सूर्यज्योती मा. वि. जुकेपानी खाजाघर निर्माण | ३००००० |
| १६ | डल्लो ढुंगा सिँचाई कुलो मर्मत | ५०००० |
| १७ | रुद्रपुर राम्चे क्षेत्रमा खानेपानी लिफ्टिङको लागि विद्युतीकरण | १[illegible]0000 |
| १८ | रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन आयोजना ढुंगा विछ्याउने, फुट ट्रेक निर्माण | ८००००० |

चालू तर्फ

| सि. नं. | कार्यक्रम/ योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | क्षमता विकास योजना निर्माण | ३००००० |
| २ | GESI Audit (लै.स.सा.स. परिक्षण) | २००००० |
| ३ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | ५००००० |
| ४ | व्यवसायिक पशुपालन तालिम | ८०००० |
| ५ | सुत्केरी पोषण कार्यक्रम (गाई/भैंसी) | १००००० |
| ६ | अनुगमन तथा मूल्याङ्कन खर्च (पशु सेवा शाखा) | ५०००० |
| ७ | द्वन्दपिडित महिला पहिचान तथा विविध व्यवस्थापन | १००००० |
| ८ | मागमा आधारित कृषि,विकास कार्यक्रम | १००००० |
| ९ | मसलन्द तथा कार्यालय संचालन खर्च | ५००००० |
| १० | कर्मचारी प्रोत्साहन विविध | ८००००० |
| ११ | आयुर्वेद औषधी खरिद | २००००० |
| १२ | सरस्वती संस्कृत मा.वि. गिरुवारी अनुदान | २००००० |
| १३ | हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम | ४००००० |
| १४ | संचार खर्च | १००००० |
| १५ | निः शुल्क घुम्ती पशु स्वास्थ्य शिविर | ४०००० |
| १६ | आँखा तथा पाठेघर परीक्षण शिविर, मुटुरोग, मधुमेह लगायत रोग सम्बन्धी | ९०००० |
| | | १३६५०००० |

**प्रस्ताव न. ९ — रकमान्तर सम्वन्धमा ।**

**निर्णय न. ९ .**

प्रस्ताव न. ९ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा वडा न. २ वाट कार्यन्वयन हुने योजना, बजेट सि.न. २०७, योजना: गुहेरी सिंचाई पक्कि कुलो रु ५०,०००।— विनियोजन भएको योजनालाई वडा न. २ को वडा समितिको मिति २०८१/०८/२८ गतेको निर्णयानुसार वडा न. २ मा नै कार्यान्वयन हुने गरि डल्लो ढुङ्गा सिँचाई कुलो मर्मत योजनामा रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. १० — रकमान्तर सम्बन्धमा सम्वन्धमा ।**

**निर्णय न. १०** — प्रस्ताव न. १० माथि छलफल गर्दा चालु आर्थिक वर्षको वडा न. ५ को वडा भैपरि शिर्षकमा विनियोजित रकमबाट टाँडि सिँचाइ कुलो निर्माण योजनामा रकमान्तर गर्नका लागि अनुरोध भइ आएकोले रकमान्तर प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव न. ११ - योजनाको म्याद थप सम्बन्धमा।**

**निर्णय न. ११** यस गाउँपालिका वडा न. ३ मा रहेको हुप्सेकोट कोल्ड स्टोर निर्माणको म्याद २०८१ पुष मसान्त सम्म रहेकोमा उक्त योजनामा डिपिआरमा नेपाल सरकारले प्रतिवन्धित गरेको ग्याससँको प्रयोग लगायतका कारणले निर्माण सम्पन्न गर्न प्राविधिक कठिनाइ लगायतका कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावलीको नियम १२० बमोजिम १ वर्ष अर्थात् २०८२ पुष मसान्त सम्म म्याद थप गर्न पुर्वाधार विकास शाखावाट टिप्पणी साथ पेश भएकोले उक्त योजना बहुवर्षिय योजना रहेको, यस गाउँपालिकाको कृषिमा निकै सम्भावना रहेकोले कृषिजन्य उपजहरुलाई संकलन र व्यवस्थित गर्न उक्त योजना सम्पन्न गर्न अति आवश्यक रहेकोले २०८२ पुष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

CamScanner